नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

पत्र संख्या :-
चलानी नं. :-

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८२/०८/१८

## चिकित्सा शिक्षा स्नातक तहमा म्याचिङ (Matching) प्रणालीबाट छात्रवृत्ति तथा सःशुल्कतर्फ उम्मेदवार छनौट गर्नका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण (Online Priority Setting) गर्ने सम्बन्धी जरूरी सूचना

चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2026) का विभिन्न शैक्षिक कार्यक्रमहरूको मिति २०८२/०७/१५ गतेदेखि ऐ.१९ गतेसम्म सञ्चालन भएको एकीकृत प्रवेश परीक्षाको मिति २०८२/०७/२४ गतेदेखि ऐ.३० गतेसम्म विभिन्न मितिमा प्रकाशित नतिजाको योग्यताक्रम र २०८२/०८/१० गते प्रकाशित समूहगत योग्यताक्रममा रहेका उम्मेदवारहरूको अनलाइन प्रणालीबाट म्याचिङ गरी विद्यार्थी भर्नाका लागि **शिक्षण संस्था र शैक्षिक कार्यक्रम** छनौट गर्न चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मार्फत उम्मेदवार स्वयंले अनलाइन प्राथमिकताक्रम निर्धारण गर्न चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

छात्रवृत्ति तथा सःशुल्क दुवैतर्फको सिटहरूमा म्याचिङ हुनका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण (Online priority setting) एक पटकमात्र गराइने र उम्मेदवार स्वयमले निर्धारण गरेको प्राथमिकता निर्धारणको आधारमा नै सम्पूर्ण चरणका म्याचिङ हुने हुनाले योग्यताक्रममा रहेका अध्ययन गर्न चाहने उम्मेदवारहरूले अनिवार्य रूपमा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौटका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण गर्नुहुन सूचित गरिन्छ । प्राथमिकता निर्धारण गर्न छुटेका उम्मेदवारहरू समापन म्याचिङ (Wrap-up Matching) का लागि मात्र योग्य हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**क. सिट विभाजन सम्बन्धी विवरण:**

विदेशी, सैनिक कल्याणकारी कोष, सःशुल्क तथा छात्रवृत्ति (खुला तथा आरक्षण समूह) तर्फ शिक्षण संस्था तथा शैक्षिक कार्यक्रमहरूमा गरिएको सिट विभाजनसम्बन्धी विवरण मिति २०८२/०६/०८ गते आयोगको वेबसाइटमा प्रकाशित गरिसकिएको छ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

ख. छात्रवृत्ति तथा सःशुल्कतर्फको अनलाइन प्राथमिकताक्रम निर्धारण (online priority setting) कार्यतालिकाः

| क्र.स. | विवरण | मिति र समय |
|---|---|---|
| 1 | Online priority setting START | २०८२ मंसीर १८ गते समय १०:०० बजेदेखि |
| 2 | Online priority setting CLOSE | २०८२ मंसीर २४ गते समय ४:०० बजेसम्म |

ग. शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्ने प्रक्रियाः

१. एकीकृत प्रवेश परीक्षाको नतिजामा योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारले https://entrance.mec.gov.np मा ब्राउज (browse) गरी Login बटनमा क्लिक गर्नुपर्नेछ।

२. आफ्नो Username र Password राखेर Profile login गर्नुपर्नेछ ।

३. Profile खुलेपछि Application menu मा क्लिक गर्नुपर्नेछ ।

४. त्यसपछि देखिने MECEE-BL 2026 को View Details मा क्लिक गर्नुपर्नेछ ।

५. योग्यताक्रममा नाम समावेश भएको Program को Action कोलममा देखिएको Set college priority बटनमा क्लिक गर्नुपर्नेछ ।

६. प्राथमिकताक्रम निर्धारण गर्नका लागि आफ्नो प्रोफाइलमा रहेको "Add College and Program" बटनमा क्लिक गरेपछि शिक्षण संस्था र शैक्षिक कार्यक्रम ड्रपडाउन मेनु (drop-down menu) मा देखिनेछ । सो मेनुबाट प्राथमिकताक्रमका आधारमा शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्नुपर्नेछ । त्यहाँ रहेको "Insert below", "Insert above" र "Remove" बटनले उम्मेदवारहरूको प्राथमिकताक्रम थप्न/सच्याउन/हटाउन सकिनेछ । अन्त्यमा Save college and program priority मा क्लिक गरी save गर्नुपर्नेछ ।

७. यस सूचना तथा शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्ने अनलाइन प्रणालीमा दिइएका जानकारीहरू अध्ययन गरी प्राथमिकताक्रम निर्धारण गर्ने कार्य गर्नुपर्नेछ । सिटसम्बन्धी विवरण आयोगको वेबसाइटमा यस पूर्व नै प्रकाशन गरिएको छ।

८. आफूले अध्ययन गर्न चाहेको सम्पूर्ण शिक्षण संस्था र शैक्षिक कार्यक्रम प्राथमिकताको आधारमा छनौट गरी प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ ।

९. आयोगले निर्धारण गरेको Online Priority selection को समयसीमाभित्र आफूले चयन गरेको प्राथमिकताक्रम संशोधन गर्न सकिनेछ । प्राथमिकताक्रम परिवर्तन गरे पश्चात Save College Program Priority बटनमा अनिवार्य क्लिक गरी सुरक्षित (Save) गर्नु पर्नेछ । निर्धारित समय

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-
सानोठिमी, भक्तपुर ।

समाप्त भए पश्चात प्राथमिकताक्रम संशोधन गर्न सकिने व्यवस्था नभएकोले समयमै प्राथमिकताक्रम निर्धारण कार्य सावधानीका साथ अन्तिमीकरण गर्नु पर्नेछ ।

१०. शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्दा आयोगले मिति २०८२/०६/०८ गते निर्धारण गरेको छात्रवृत्ति वा सःशुल्क सिटको निक्यौंल गरी छनौट गर्नुपर्नेछ ।

११. उमेदवारहरुले शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्न तोकिएको समय समाप्त भए पश्चात आफूले निर्धारण गरेको प्राथमिकताक्रमको कन्फर्मेसन पेज (Confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नु पर्नेछ ।

१२. अनलाइन प्राथमिकताक्रम निर्धारणको समय समाप्त भएपश्चात् उम्मेदवारहरूको योग्यताक्रम, प्राथमिकताक्रम र उपलब्ध सिटका आधारमा कम्प्युटर प्रणालीमा आधारित म्याचिङ गरिनेछ ।

२०८२/०८/१८

मञ्जु अधिकारी

उपसचिव